तानसेन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश नेपाल

तानसेन,पाल्पा

☎०७५-५२०१०९,५२०८९३,५२०९०९,५२०१२९

info@tansenmun.gov.np

ito. tansenmun@gmail.com


प .स.: २०८३/०८४

च.नं :

मितिः २०८३/०५/१२

## हार्दिक अपिल !

मिति २०८३/०५/१० गते तिब्बततर्फबाट रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवन लगायतका जिल्लाहरूमा जनधनको ठूलो तथा अकल्पनीय क्षति भएको दुःखद घटनाप्रति तानसेन नगरपालिका गहिरो दुःख व्यक्त गर्दछ।

उक्त प्राकृतिक विपद्का कारण देशभर शोकको वातावरण सिर्जना भएको छ। साथै, तानसेन नगरपालिकाका केही व्यक्तिहरू समेत उक्त घटनामा परी हालसम्म सम्पर्कविहीन रहेको जानकारी प्राप्त भएको छ। यस विषम तथा संवेदनशील परिस्थितिमा पीडित परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दै हराइरहेका व्यक्तिहरूको सकुशल खोज तथा उद्धारको काम सफल होस् भन्ने कामना गर्दछौं।

यस राष्ट्रिय शोक र विपद्को घडीमा तानसेन नगरपालिका तथा मातहतका सबै वडा कार्यालयहरू, सामुदायिक तथा संस्थागत निकायहरू, विभिन्न संघ—संस्था, क्लब तथा समूहहरूलाई तीज विशेष लगायत चाडपर्व लक्षित कुनै पनि औपचारिक, सांस्कृतिक, मनोरञ्जनात्मक तथा उत्सवमुखी कार्यक्रमहरू सञ्चालन नगर्न तथा नगराउन हार्दिक अनुरोध गरिन्छ।

विपद्को यस कठिन समयमा सबै नागरिक, संघ—संस्था तथा सरोकारवाला पक्षहरूलाई पीडितहरूको सहयोग, राहत तथा उद्धार कार्यमा ऐक्यबद्धता र मानवीय संवेदनशीलता प्रदर्शन गर्न समेत आग्रह गरिन्छ।

सन्तोषलाल श्रेष्ठ

नगर प्रमुख